# नेपाल राष्ट्र बैंक

## अनुसन्धान विभाग

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

***(आर्थिक वर्ष २०७२/७३ को छ महिनाको तथ्याङ्कमा आधारित)***

## आर्थिक परिदृश्य

१. नेपालको दक्षिणी सीमा नाकाहरुमा भएको अवरोध क्रमशः खुकुलो हुँदै गएकोले आगामी दिनहरुमा आर्थिक क्रियाकलापले सकारात्मक गति लिने अनुमान गरिएको छ ।

२. रासायनिक मल तथा बीउ/विजनको आपूर्ति प्रभावित भएको तथा मौसम पनि अनुकूल नरहेकोले हिउँदे तरकारी एवम् गहुँको उत्पादनमा केही कमी आउने अनुमान गरिएको छ ।

३. राष्ट्रिय गौरवका ठूला आयोजनाहरुलाई अत्यावश्यक इन्धन आपूर्ति गर्न शुरु गरिएकोले विकास-निर्माण कार्य अगाडि बढ्ने देखिन्छ ।

४. मुलुकको दक्षिणी भेग सामान्य अवस्थामा फर्किए सँगै इन्धन आपूर्ति सहज हुँदै गएकोले आगामी दिनमा औद्योगिक क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अनुमान गरिएको छ । मुलुकमा बन्दै गएको सकारात्मक वातावरणको सन्देश बाह्य जगतमा प्रवाहित हुँदै जाँदा र पर्यटकीय सिजन पनि शुरु हुँदै गर्दा पर्यटन क्षेत्रसँग सम्बन्धित गतिविधि विस्तारै बढ्दै जाने देखिन्छ ।


५. अन्तर्राष्ट्रिय बजारमा तेल तथा धातुजन्य पदार्थको मूल्य कम रहेको, अधिक तरलताको कारण बजार ब्याजदर न्यून रहेको र नेपाली रुपैंया अमेरिकी डलरसँगको तुलनामा कमजोर हुँदै गएकाले समष्टिगत मागमा सकारात्मक प्रभाव पर्ने र सो मार्फत आगामी दिनमा आर्थिक गतिविधिमा विस्तार आउने अवस्था देखिन्छ ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

६. २०७२ पुस महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १२.१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ६.८ प्रतिशत रहेको थियो । दोहोरो अंकको मूल्य वृद्धि मूख्यतया खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १५.२ प्रतिशतले बढेको कारण भएको हो । गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धिदर २०७२ पुसमा ९.७ प्रतिशत रहेको छ ।

चार्ट १: उपभोक्ता मुद्रास्फीति (छ महिना)



७. मुद्रास्फीतिमा उच्च चाप पर्नुका कारणहरुमा दलहन तथा गेडागुडी, घ्यू तथा तेल, मसला, मासु तथा माछा, लत्ता कपडा तथा जुत्ता लगायत उप-समूहहरुको मूल्यमा भएको उच्च वृद्धि रहेको छ । यी उप-समूहमध्ये दलहन तथा गेडागुडीको मूल्य ४६.९ प्रतिशत र घ्यू तथा तेलको मूल्य ३१.३ प्रतिशतले बढेको छ । साथै मसला, मासु तथा माछा, लत्ता कपडा तथा जुत्ताको मूल्यमा १७.६ प्रतिशत, १६.८ प्रतिशत र १३.७ प्रतिशतले वृद्धि भएको छ ।

८. तराईमा जारी लामो बन्द हड्ताल तथा आपूर्ति व्यवस्थामा आएको व्यवधान जस्ता अन्तर्निहित (Underlying) कारणहरुले मुद्रास्फीति बढ्दै गएको हो । तराई क्षेत्रका नाकाहरुमा आवागमन सहज हुदैं गएबाट गत भाद्र महिनादेखि सुरु भएको मूल्य वृद्धिको दवाव कम हुँदै जाने अपेक्षा गरिएको छ ।

९. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा काठमाडौं उपत्यकामा सबैभन्दा बढी अर्थात् १३.८ प्रतिशत, पहाडमा १२.१ प्रतिशत, तराईमा १०.७ प्रतिशत र हिमालमा १० प्रतिशतले मूल्य वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर काठमाडौं उपत्यकामा ६.९ प्रतिशत, पहाडमा ७.१ प्रतिशत र तराईमा ६.६ प्रतिशत रहेको थियो ।

## नेपाल र भारत बीचको उपभोक्ता मुद्रास्फीति अन्तर

१०. आर्थिक वर्ष २०७२/७३ को पुस महिनामा भारतको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.७ प्रतिशत रहेको तुलनामा नेपालको १२.१ प्रतिशत रहेको छ । समीक्षा अवधिमा यी दुई मुलुक बीचको उपभोक्ता मुद्रास्फीति अन्तर ६.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाल तथा भारतमा यस्तो मुद्रास्फीति क्रमशः ६.८ प्रतिशत र ५.२ प्रतिशत रहेकोले दुई मुलुक बीचको उपभोक्ता मुद्रास्फीति अन्तर १.६ प्रतिशत रहेको थियो । २०७२ बैशाखमा गएको विनाशकारी भूकम्पको अन्तराल प्रभाव, तराईको आन्दोलन र दक्षिणका व्यापार नाकाहरुमा भएको अवरोधका कारण नेपाल र भारतबीच मुद्रास्फीति दरको अन्तरमा वृद्धि हुन गएको हो ।

## थोक मुद्रास्फीति


११. आर्थिक वर्ष २०७२/७३ को पुस महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति दर ७.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.४ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क १२.२ प्रतिशत र स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ६.४ प्रतिशतले वृद्धि भएको छ भने आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क १.३ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ८.४ प्रतिशत, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ४.४ प्रतिशत र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ०.३ प्रतिशतले वृद्धि भएका थिए ।

## राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

१२. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ४.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्कमा ०.८ प्रतिशत र ज्यालादर सूचकाङ्कमा ५.४ प्रतिशतले वृद्धि भएको छ । तलब अन्तर्गत बैंक तथा वित्तीय संस्था, शिक्षा र सार्वजनिक संस्थान उप-समूहहरुको तलब सूचकाङ्क क्रमशः २.३ प्रतिशत, १.५ प्रतिशत र ०.७ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, ज्यालादर अन्तर्गत निर्माण मजदुर, कृषि मजदुर र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः ९.३ प्रतिशत, ५.६ प्रतिशत र ३.६ प्रतिशतले वृद्धि भएका छन् ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार




१३. आर्थिक वर्ष २०७२/७३ को छ महिनामा कुल वस्तु निर्यात २७.२ प्रतिशतले ह्रास आई रु. ३१ अर्ब ५९ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा ३.९ प्रतिशतले ह्रास आएको थियो । व्यापार नाकाहरुमा भएको अवरोधले गर्दा भारततर्फ ३५.९ प्रतिशत, चीनतर्फ ६१.८ प्रतिशत र अन्य मुलुकतर्फ ७.३ प्रतिशतले निर्यात घटेको छ । वस्तुगत आधारमा भारततर्फ जिङ्क शीट, लत्ताकपडा, जि.आई. पाइप, जुस लगायतका वस्तुहरु, चीनतर्फ प्रशोधित छाला, चाउचाउ, तयारी पोसाक लगायतका वस्तुहरु र अन्य मुलुकतर्फ दाल, प्रशोधित छाला, छालाका तयारी सामान, चिया लगायतका वस्तुहरुको निर्यात घटेको छ ।

१४. समीक्षा अवधिमा कुल वस्तु आयात २५.७ प्रतिशतले घटेर रु. २७७ अर्ब ७९ मा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १२ प्रतिशतले वृद्धि भएको थियो । सीमा नाकाहरुमा भएको अवरोधका कारण भारतबाट भएको आयात ३३.८ प्रतिशत, चीनबाट भएको आयात १४.४ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ९.९ प्रतिशतले घटेको छ । वस्तुगत आधारमा भारतबाट पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टपूर्जा, एम.एस.विलेट, मेसिनरी तथा पार्टपूर्जा लगायतका वस्तुहरु, चीनबाट मेसिनरी तथा पार्टपूर्जा, औषधिजन्य उपकरणहरु, भिडियो टेलिभिजन लगायतका वस्तुहरु तथा अन्य मुलुकबाट चाँदी, कच्चा भटमासको तेल, खाने तेल, कच्चा पाम तेल लगायतका वस्तुहरुको आयात घटेको छ ।

१५. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा २५.५ प्रतिशतले घटी रु. २४६ अर्ब २० करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा १४.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात ११.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ११.६ प्रतिशत रहेको थियो ।

### भन्सार नाका अनुसार व्यापार स्थिति

१६. भन्सार नाकाका आधारमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट भएको निर्यातमा वृद्धि भएतापनि अन्य भन्सार नाकाहरुबाट भएको निर्यातमा कमी आएको छ । त्यसैगरी, भैरहवा भन्सार नाका, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाका, मेची भन्सार नाका, कृष्णनगर भन्सार नाका, कैलाली भन्सार नाकाबाट भएको आयात वृद्धि भएतापनि अन्य भन्सार नाकाबाट भएको आयातमा कमी आएको छ ।

### निर्यात आयात मूल्य सूचकाङ्क

१७. आर्थिक वर्ष २०७२/७३ को छ महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाई मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक विन्दुगत आधारमा १५.९ प्रतिशतले वृद्धि भएको तर आयात मूल्य सूचकाङ्कमा ७.३ प्रतिशतले कमी आएकोले व्यापारको शर्त (Terms of Trade) मा २५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो अनुपात १५.५ प्रतिशतले बढेको थियो । जुट तथा अदुवा जस्ता निर्यातजन्य वस्तुहरुको मूल्यमा वृद्धि भएको कारण निर्यात मूल्य सूचकाङ्कमा वृद्धि भएको हो भने पेट्रोलियम पदार्थ लगायतका आयातजन्य वस्तुहरुको मूल्यमा कमी आएको कारण समीक्षा अवधिमा आयात मूल्य सूचकाङ्कमा कमी आएको हो ।

## सेवा

१८. २०७२ बैशाखमा गएको विनासकारी भूकम्पको अन्तराल प्रभाव र सीमा अवरोध एवं आपूर्ति प्रणालीमा आएको असहज अवस्थाको कारण सेवा क्षेत्रतर्फको कुल आय ४.५ प्रतिशतले कमी आएको र सेवा खर्च २ प्रतिशतले वृद्धि भएकोले खुद सेवा आय बचत ५९ प्रतिशतले घटेर रु. ३ अर्ब २ करोडमा खुम्चिएको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु. ७ अर्ब ३६ करोडले बचतमा रहेको थियो ।

**बक्स १: बैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका नेपाली कामदारहरुको संख्या***

| महिना/बर्ष | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|
| साउन | ४५९३७ | ४२३०९ | ३७७५६ |
| भदौ | २४२१४ | ५१५५१ | ४०२७५ |
| असोज | ३१९५९ | ३५५५० | ३५४८४ |
| कात्तिक | ३१९४९ | ४३२१३ | २३०६१ |
| मंसिर | ४१६३४ | ५३३५४ | ३८३५० |
| पुस | ५००३२ | ४५३६२ | ३५३८९ |
| माघ | ३७२८५ | ४८९४१ | – |
| फागुन | ४८५५२ | ४४४६० | – |
| चैत | ४५८५४ | ५२२१० | – |
| वैशाख | ५४१७३ | ३१३७५ | – |
| जेठ | ५४९२६ | ३७९६२ | – |
| असार | ६१७१७ | २६६०० | – |
| **कुल** | **५२८२३२** | **५१२८८७** | **२१०३१५** |
| प्रतिशत परिवर्तन (पहिलो छ महिना) | १२.७ | २०.२ | –२२.५ |

* अन्तिम श्रम स्वीकृतिमा आधारित ।
स्रोत: वैदेशिक रोजगार विभाग ।

## विप्रेषण आप्रवाह

१९. समीक्षा अवधिमा विप्रेषण आप्रवाह १७.३ प्रतिशतले वृद्धि भई रु. ३२३ अर्ब ६९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३.९ प्रतिशतले वृद्धि भएको थियो । विप्रेषण आप्रवाहमा भएको उच्च वृद्धिका कारण खुद ट्रान्सफर आय २०.५ प्रतिशतले वृद्धि भई रु. ३७८ अर्ब ८५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २ प्रतिशतले बढेको थियो ।

२०. विप्रेषण आप्रवाहलाई प्रत्यक्ष प्रभाव पार्ने वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्यामा भने कमी आएको छ । अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७२/७३ को छ महिनामा गत वर्षको सोही अवधिको तुलनामा २२.५ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २०.२ प्रतिशतले बढेको थियो ।

२१. अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भारी गिरावट आएसँगै तेल निर्यातक खाडी मुलुकहरुबाट नेपाली श्रमिकहरुको मागमा कमी आउनुका साथै वैदेशिक रोजगारी सम्बन्धी मलेसियन सरकारको पछिल्ला कदमबाट त्यसतर्फको वैदेशिक रोजगारीमा समेत कमी आउने देखिएकोले आगामी दिनमा विप्रेषण आप्रवाह प्रभावित हुने देखिएको छ ।

## चालू खाता एवं शोधनान्तर स्थिति

२२. अघिल्लो वर्षको पहिलो छ महिनामा रु. १३ अर्ब ८२ करोडले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा रु. १५७ अर्ब ५२ करोडले बचतमा रहेको छ । त्यसैगरी, अघिल्लो वर्षको पहिलो छ महिनामा रु. ३४ अर्ब २६ करोडले बचतमा रहेको समग्र शोधनान्तर बचत समीक्षा अवधिमा रु. १३९ अर्ब ७५ करोडले बचतमा रहेको छ ।

२३. समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर रु. ७ अर्ब ४१ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. १ अर्ब ९३ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु. ५ अर्ब ९८

**बक्स २: प्रत्यक्ष वैदेशिक लगानीमा लाभांश भुक्तानीको स्थिति***
(रु. करोडमा)

| क्षेत्र | २०७१/७२ वार्षिक | २०७२/७३ को पुससम्म |
|---|---|---|
| वित्तीय क्षेत्र | १७९.४४ | ०.८३ |
| सञ्चार क्षेत्र | ०.४० | १६९.२८ |
| जलविद्युत क्षेत्र | २८७.४५ | ०.०० |
| औद्योगिक क्षेत्र | २२९.९२ | १८.९१ |
| सेवा क्षेत्र | २३.८६ | ०.०० |
| **जम्मा** | **७२१.०७** | **१८९.०२** |


* नेपाल राष्ट्र बैंकबाट लाभांश लैजानका लागि प्रदान गरिएको स्वीकृतिका आधारमा ।

करोड र वैदेशिक लगानी रु. १  अर्ब ३ करोड रहेको थियो ।

२४. नेपाल राष्ट्र बैंकबाट लिइएको स्वीकृतिका आधारमा गत आर्थिक वर्षमा प्रत्यक्ष वैदशिक लगानीको लाभांश स्वरुप रु. ७ अर्ब २१ करोड भुक्तानी भएको थियो । चालू आर्थिक वर्षको छ महिनासम्ममा प्रत्यक्ष वैदेशिक लगानीमा रु. १ अर्ब ८९ करोड लाभांश भुक्तानी भएको छ ।

## विदेशी विनिमय सञ्चिति

२५. कुल विदेशी विनिमय सञ्चिति २०७२ असार मसान्तको रु. ८२४ अर्ब ६ करोडबाट १९.९ प्रतिशतले वृद्धि भई २०७२ पुस मसान्तमा रु. ९८८ अर्ब ४० करोड पुगेको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७२ असार मसान्तको तुलनामा २०७२ पुस मसान्तमा २१.४ प्रतिशतले वृद्धि भई रु. ८५३ अर्ब ५६ करोड पुगेको छ । त्यसैगरी बैंक तथा वित्तीय संस्थाहरु (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति ११.४ प्रतिशतले वृद्धि भई रु. १३४ अर्ब ८४ करोड पुगेको छ । कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २१.१ प्रतिशत रहेको छ ।




## सञ्चिति पर्याप्तता सूचकहरु

२६. आर्थिक वर्ष २०७२/७३ को छ महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले २१.७ महिनाको वस्तु आयात र १७.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगको अनुपातहरु क्रमशः ४६.५ प्रतिशत, १४७ प्रतिशत र ४८.३ प्रतिशत रहेका छन् । २०७२ असार मसान्तमा यस्ता अनुपातहरु क्रमशः ३८.८ प्रतिशत, ९३.३ प्रतिशत र ४३.९ प्रतिशत रहेका थिए ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम एवम् सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

२७. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७१ पुस मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ४५.८२ रहेकोमा २०७२ पुस मसान्तमा ३७.१ प्रतिशतको उच्च दरले ह्रास आई प्रति ब्यारल अमेरिकी डलर २८.८४ कायम भएको छ । त्यसैगरी, सुनको मूल्य २०७१ पुस मसान्तमा प्रति आउन्स अमेरिकी डलर १२३५ रहेकोमा २०७२ पुस मसान्तमा ११.९ प्रतिशतले ह्रास आई प्रति आउन्स अमेरिकी डलर १०८८.४० कायम रहेको छ ।

२८. २०७२ असार मसान्तको तुलनामा २०७२ पुस मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.१ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.३ प्रतिशतले अवमूल्यन भएको थियो । २०७२ पुस मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १०६.६० पुगेको  छ । २०७२ असार मसान्तमा उक्त विनिमय दर रु. १०१.१४ रहेको थियो ।


# सरकारी वित्त स्थिति*

## बजेट घाटा/बचत

२९. आर्थिक वर्ष २०७२/७३ को छ महिनामा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. २८ अर्ब ९३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ६४ अर्ब ९५ करोडले बचतमा रहेको थियो ।

## सरकारी खर्च

३०. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ३.७ प्रतिशतले वृद्धि भई रु. १५९ अर्ब ४० करोड पुगेको छ । यो रकम बजेट अनुमान रु. ८१९ अर्ब ४७ करोडको १९.५ प्रतिशत हुन आउँछ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च १४.४ प्रतिशतले वृद्धि भई रु. १५३ अर्ब ७१ करोड पुगेको थियो । तराई-मधेशमा जारी आन्दोलन तथा व्यापार नाकामा भएको अवरोधका कारण कुल सरकारी खर्चको वृद्धिदरमा कमी आएको हो ।




३१. समीक्षा अवधिमा चालू खर्च ८.५ प्रतिशतले वृद्धि भई रु. १२६ अर्ब १ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च ४.९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा पूँजीगत खर्चमा १.५ प्रतिशतले ह्रास आई रु. १३ अर्ब ६३ करोडमा सीमित भएको छ । इन्धन एवम् निर्माण सामग्रीको अभावका कारण कतिपय महत्वपूर्ण आयोजनाहरु अवरुद्ध भएका तथा भूकम्प पछिको पुनर्निर्माणको कार्य समेत प्रभावित भएका कारण पूँजीगत खर्च घट्न गएको हो । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च ४९.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा भएको पूँजीगत खर्च बजेट अनुमान रु. २०८ अर्ब ८८ करोडको ६.५ प्रतिशत मात्र हुन आउँछ ।

**बक्स ३: वजेटको प्रगति**

| शीर्षक | बजेट अनुमान | छ महिनाको प्रगति | |
|---|---|---|---|
| | | रु. करोडमा | बजेट अनुमानको प्रतिशतमा |
| **कुल खर्च** | **८१९४६.९** | **१५९४०.१** | **१९.५** |
| चालू खर्च | ४८४२६.६ | १२६००.८ | २६ |
| पूँजीगत खर्च | २०८८७.७ | १३६३.१ | ६.५ |
| वित्तीय व्यवस्था खर्च | १२६३२.५ | १९७६.२ | १५.६ |
| **राजस्व** | **४७५०१.२** | **१६४३२.८** | **३४.६** |

## सरकारी राजस्व

३२. समीक्षा अवधिमा नेपाल सरकारको राजस्व परिचालन १३.७ प्रतिशतले घटी रु. १६४ अर्ब ३३ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व १६.६ प्रतिशतले वृद्धि भएको थियो । भन्सार नाकामा भएको अवरोधका कारण आयातमा संकुचन आउनाले तथा इन्धन लगायत आवश्यक सामग्रीको अभावमा आर्थिक गतिविधिमा शिथिलता आएकोले मूल्य अभिवृद्धि कर, भन्सार राजस्व, अन्तःशुल्क लगायतका कर राजस्व संकलनमा कमी आएको छ । समीक्षा अवधिमा कुल राजस्व बजेट लक्ष्य

---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६८ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४८ वटा मध्ये ३९ वटा शाखाहरु, कृषि विकास बैंक लिमिटेडका २१ वटा शाखाहरु मध्ये १९ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरु, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरु र नेपाल वंगलादेश बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड र बैक अफ काठमाडौको १/१ शाखा र जिल्लास्थित ७९ वटै कोष तथा लेखा नियन्त्रण कार्यालयहरु र भुक्तानी केन्द्रहरुबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

रु. ४७५ अर्बको ३४.६ प्रतिशत मात्र परिचालन भएकोले चालू आर्थिक वर्षमा लक्षित राजस्व संकलन हुन कठिन देखिन्छ ।

### सार्वजनिक ऋण तथा सरकारको नगद मौज्दात


३३. समीक्षा अवधिमा नेपाल सरकारले रु. १५ अर्ब ६० करोड बराबरको आन्तरिक ऋणको भुक्तानी गरेको छ । फलस्वरुप, नेपाल सरकारको तिर्न बाँकी आन्तरिक ऋण २०७२ असार मसान्तमा रु. १९६ अर्ब ७९ करोड रहेकोमा २०७२ पुस मसान्तमा रु. १८१ अर्ब १९ करोड रहेको छ ।

३४. स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून भएकोले २०७२ पुस मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. ८१ अर्ब ८९ करोड नगद मौज्दात कायम रहेको छ ।

## मौद्रिक तथा वित्तीय स्थिति

### मुद्राप्रदाय

३५. समीक्षा अवधिमा विस्तृत मुद्राप्रदाय ९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ५.८ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ पुस मसान्तमा विस्तृत मुद्राप्रदाय २३.५ प्रतिशतले बढेको छ ।




३६. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १३९ अर्ब ७५ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ३४ अर्ब २६ करोडले बढेको थियो ।

३७. समीक्षा अवधिमा सञ्चित मुद्रा ०.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १२.४ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ पुस मसान्तमा उक्त मुद्रा ३७.६ प्रतिशतले बढेको छ । यस बैंकको खुद वैदेशिक सम्पत्तिमा आएको विस्तारका कारण सञ्चित मुद्रा बढेको हो ।


### कुल आन्तरिक कर्जा

३८. समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा प्रवाह विस्तारमा कमी आएको र यस बैंकमा रहेको नेपाल सरकारको निक्षेप बढ्न गएको कारण कुल आन्तरिक कर्जाको वृद्धिदरमा कमी आएको छ । समीक्षा अवधिमा कुल आन्तरिक कर्जा १.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ३.९ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ पुस मसान्तमा यस्तो कर्जा १३.१ प्रतिशतले बढेको छ ।

३९. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ५.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी ११.५ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा निजी क्षेत्रमाथिको दावी २०७२ पुस मसान्तमा १३.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर २१.१ प्रतिशत रहेको थियो ।

## निक्षेप संकलन

४०. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप गत बर्षको सोही अवधिमा झैं ६ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः ६.१ प्रतिशत, २.५ प्रतिशत र ४.७ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा २०७२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप २०.१ प्रतिशतले बढेको छ ।



चार्ट ६: निक्षेप तथा कर्जा वृद्धिदर स्थिति (छ महिना)

## कर्जा प्रवाह

४१. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ५.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ११.६ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा प्रवाह क्रमशः ६.६ प्रतिशत, २.२ प्रतिशत र ३.१ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा २०७२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १३.६ प्रतिशतले बढेको छ ।

४२. समीक्षा अवधिमा औद्योगिक उत्पादन, थोक तथा खुद्रा व्यापार, कृषि लगायतका प्रमुख क्षेत्रमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा कर्जा प्रवाह केही न्यून भएको छ । समीक्षा अवधिमा औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ५.४ प्रतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा ४.४ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा ४.१ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १४ प्रतिशत र कृषि क्षेत्रतर्फको कर्जा २ प्रतिशतले बढेको छ ।

४३. आर्थिक वर्ष २०७२/७३ को ६ महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कुल कर्जामध्ये ५९.८ प्रतिशत कर्जा घरजग्गाको धितोमा र १२.६ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ५८.८ प्रतिशत र १३.६ प्रतिशत रहेको थियो ।

४४. समीक्षा अवधिमा वाणिज्य बैंकहरुबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल कर्जाको २.६ प्रतिशत (रु. ३१ अर्ब ७ करोड) मात्र रहेको छ । यस्तो कर्जा प्रवाह न्यून रहनुमा कर्जाको धितो एक प्रमुख समस्याको रुपमा रहेकोले सुरक्षित कारोबार दर्ता (Secured Transaction Registry) सम्बन्धी कार्यलाई कार्यान्वयनमा ल्याउन आवश्यक छ । त्यसैगरी, समीक्षा अवधिमा वाणिज्य बैंकहरुबाट प्रवाहित ट्रष्ट रिसिट कर्जा (आयात कर्जा) १३.४ प्रतिशत (रु. ७ अर्ब ३६ करोड) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ९.५ प्रतिशत (रु. ३ अर्ब ९३ करोड) ले बढेको थियो । समीक्षा अवधिमा सीमा नाका अवरोध एव्म मधेश आन्दोलनका कारण आयात उल्लेख्य रुपमा घट्न गएकोले यस्तो कर्जाको उपयोगमा कमी आएको हो ।

## तरलता व्यवस्थापन

४५. आर्थिक वर्ष २०७२/७३ को ६ महिनासम्ममा यस बैंकले रु. ३०४ अर्ब ८५ करोड तरलता प्रशोचन गरेको छ । यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. १९८ अर्ब ४० करोड, रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. ९७ अर्ब ३५ करोड तथा सोझै बिक्री बोल-कबोलमार्फत् रु. ९ अर्ब १० करोड तरलता प्रशोचन भएको छ । २०७२ पुस मसान्तमा निक्षेप संकलन बोल-कबोल बक्यौता रकम रु. १४१ अर्ब १५ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोल-कबोलमार्फत् रु. ७५ अर्ब तथा रिभर्स रिपोमार्फत् रु. २६० अर्ब ५० करोड तरलता प्रशोचन भएको थियो ।

| बक्स ४: तरलता प्रशोचन लागत (रु.करोडमा) | | | | |
|---|---|---|---|---|
| **तरलता प्रशोचन उपकरण** | **२०७१/७२ (वार्षिक)** | | **२०७२/७३ (छ महिना)** | |
| | **परिमाण** | **ब्याज लागत** | **परिमाण** | **ब्याज लागत** |
| निक्षेप संकलन बोलकबोल | १५५०० | १७.०५ | १९८४० | ५४.०९ |
| रिभर्स रिपो बोलकबोल | ३१५८० | ०.२८ | ९७३५ | ०.६४ |
| सोझै बिक्री बोलकबोल | ६०० | १.७३ | ९१० | ३.६२ |
| **कुल** | **४७६८०** | **१९.०६** | **३०४८५** | **५८.३५** |

४६. आर्थिक वर्ष २०७२/७३ को ६ महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर २ अर्ब २३ करोड खुद खरिद गरी रु. २३४ अर्ब १३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ६६ करोड खुद खरिद गरी रु. १५७ अर्ब २० करोड खुद तरलता प्रवाह भएको थियो ।

४७. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ३८ करोड बिक्री गरी रु. १४५ अर्ब २८ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ७४ करोड बिक्री गरी रु. १७१ अर्ब १० करोड बराबरको भा.रु. खरिद भएको थियो ।

## वित्तीय पहुँच

४८. वित्तीय संस्थाहरुको शाखा सञ्जालमा भएको वृद्धिसँगै वित्तीय सेवाको पहुँच विस्तार हुँदै गएको छ । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७१ पुसमा ३,६२५ रहेकोमा २०७२ पुसमा ४,०२३ पुगेको तथा निक्षेप एवम् ऋण खाता संख्या बढदैं गएकोले समग्र वित्तीय पँहुच अभिवृद्धिमा सघाऊ पुगेको छ (बक्स ५) ।

| बक्स ५: वित्तीय पहुँचको अवस्था | | |
|---|---|---|
| **विवरण** | **पुस** | |
| | **२०७१** | **२०७२** |
| बैंक तथा वित्तीय संस्थाहरुको संख्या | १९७ | १९१ |
| बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या | ३,६२५ | ४,०२३ |
| डेविट कार्ड संख्या | ४१,०५,४०८ | ४३,५९,३६६ |
| क्रेडिट कार्ड संख्या | ५३,०४२ | ४७,६१८ |
| निक्षेप खाता संख्या | १,३९,८४,४६८ | १,५८,१५,९५९ |
| ऋण खाता संख्या | १०,०३,५२३ | १०,१०,२०४ |

## पुनरकर्जा तथा उत्पादनशील कर्जा

४९. उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पु¥याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग समीक्षा अवधिमा केही घटेको छ । समीक्षा अवधिमा साधारण पुनरकर्जा रु. १ अर्ब ७० करोड र निर्यात पुनरकर्जा रु. १६ करोड गरी जम्मा रु. १ अर्ब ८६ करोड पुनरकर्जाको उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा साधारणतर्फ रु. २ अर्ब ८१ करोड र निर्याततर्फ रु. १ अर्ब ४२ करोड गरी कुल रु. ४ अर्ब २३ करोड पुनरकर्जा उपयोग भएको थियो ।

५०. भूकम्प पीडितहरुलाई राहत प्रदान गर्न यस बैंकबाट शुन्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था गरिएकोमा यस सम्बन्धी आवश्यक कार्यविधि तर्जुमा गरी लागू गरिएको छ । २०७२ जेठमा जारी गरिएको कार्यविधिमा 'क' 'ख' र 'ग' वर्गका वित्तीय संस्थाहरुलाई मात्र यस्तो पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था भएकोमा २०७२/०९/२० मा यस कार्यविधिमा संशोधन गरी लघुवित्त संस्थामार्फत् समेत रु. ३ लाखसम्म यस्तो कर्जा प्रवाह गराउने व्यवस्था गरिएको छ ।

५१. वाणिज्य बैंकहरुले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था भएकोमा २०७२ पुस मसान्तसम्ममा वाणिज्य बैंकहरुको यस्तो कर्जा १६ प्रतिशत रहेको छ ।

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

५२. आर्थिक वर्ष २०७२/७३ को ६ महिनामा वाणिज्य बैंकहरुले रु. ४११ अर्ब र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु. ३४ अर्ब ७५ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमश: रु. १५२ अर्ब ५० करोड र रु. ९६ अर्ब ६६ करोडको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले स्थायी तरलता सुविधाको माग गरेका छैनन् ।

## ब्याजदर

५३. २०७१ पुसको तुलनामा २०७२ पुसमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर, ९० दिने निक्षेप बोलकबोलको भारित औसत ब्याजदर तथा वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर बढेको छ । २०७१ पुसमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.१६ प्रतिशत रहेकोमा २०७२ पुसमा ०.६८ प्रतिशत पुगेको छ । २०७१ पुसमा ९० दिने निक्षेप बोलकबोलको भारित औसत ब्याजदर ०.२० प्रतिशत रहेकोमा २०७२ पुसमा ०.८१ प्रतिशत पुगेको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ पुसको ०.१५ प्रतिशतको तुलनामा २०७२ पुसमा ०.२६ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ पुसको २.५१ प्रतिशतको तुलनामा २०७२ पुसमा १.२१ प्रतिशत रहेको छ ।

५४. २०७२ पुसमा वाणिज्य बैंकहरुको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ४.४७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको पुसमा यस्तो ब्याजदर अन्तर ४.५० प्रतिशत रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार ब्याजदर २०७१ पुसको ७.४९ प्रतिशतको तुलनामा २०७२ पुसमा ६.८२ प्रतिशत कायम हुन आएको छ ।

## बैंक तथा वित्तीय संस्थाहरुको मर्जर तथा प्राप्तिको अवस्था

५५. वित्तीय स्थायित्व अभिवृद्धि गर्न अवलम्बन गरिएको मर्जर नीति कार्यान्वयनमा आएसँगै मर्ज हुने बैंक तथा वित्तीय संस्थाहरुको संख्या बढ्दै गएको छ । "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी विनियमावली, २०६८" कार्यान्वयनमा आएपछि २०७२ पुस मसान्तसम्म ८३ वटा बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा मर्ज भई ३१ वटा संस्था बनेका छन् । त्यसैगरी, एउटा वाणिज्य बैंकले दुईवटा वित्त कम्पनीहरु र एक विकास बैंकले अर्को एक विकास बैंक प्राप्ति (Acquisition) गरेका छन् ।

## नियमन व्यवस्था

५६. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएका बैंक तथा वित्तीय संस्थाको शाखा खरिद गर्न सक्ने, उच्च गरिबी रहेका तोकिएका १० जिल्लाहरु र गरिबीको गहनता बढी भएका दक्षिणी सीमावर्ती क्षेत्रका तोकिएका गाउँ विकास समिति तथा नगरपालिका क्षेत्रमा कृषि तथा साना व्यवसायमा प्रवाहित रु. ५ लाखसम्मको कर्जामा विशेष पुनरकर्जा सुविधा प्रदान गर्ने तथा उक्त क्षेत्रमा शाखा खोल्न यस बैंकको पूर्व स्वीकृति लिनु नपर्ने, प्रमुख शहरहरुमा संचालन हुने सार्वजनिक यातायात संचालन

गर्ने संगठित संस्थालाई प्रदान गरिने कर्जालाई उत्पादनमूलक कर्जामा गणना गर्ने र Magnetic Strip Card लाई Chip Based Card मा प्रतिस्थापन गर्ने लगायतका निर्देशनहरु जारी गरिएका छन् ।

५७. त्यसैगरी, नेपाल क्लियरिङ्ग हाउस लि. ले इलेक्ट्रोनिक माध्यमबाट बैंक तथा वित्तीय संस्थाहरुको Net Clearing Position यस बैंकको बैंकिङ्ग कार्यालयमा पठाउने विद्यमान व्यवस्थामा परिमार्जन गरी तोकिए बमोजिम पाँच सत्रमा सञ्चालन गर्ने व्यवस्था गरिनुको साथै चालू आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेख भए अनुसारको चुक्ता पूँजी कायम गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाहरुले यस बैंकमा पेश गरेको पूँजी योजना आ-आफ्नो वेबसाइटमा प्रकाशन गर्नुपर्ने व्यवस्था सम्बन्धी निर्देशनहरु जारी गरिएका छन् ।

५८. समीक्षा अवधिमा तराई क्षेत्रमा जारी आन्दोलन तथा सीमा क्षेत्रमा भएको व्यापार एवम् पारवहन अवरोधले सृजना गरेको असहज परिस्थितिका कारण समयमै कर्जाको सावाँ-ब्याज वा किस्ता रकम तिर्न नसकी त्यस्तो रकम २०७२ चैत मसान्तभित्र प्राप्त भएमा असल कर्जामै गणना गर्ने र कुनै प्रकारको हर्जाना वा शुल्क नलगाउने, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन र ऊर्जा लगायतका सेवा क्षेत्रका ऋणीले लिखित कार्ययोजना सहित माग गरेमा २०७२ चैत मसान्तभित्र एक पटकका लागि बढीमा १ वर्षसम्म कर्जा पुनर्तालिकीकरण वा पुनरसंरचना गर्न सकिने, २०७२ पुस मसान्तसम्म पाकेको ब्याज २०७२ माघ मसान्तसम्ममा प्राप्त भएमा चालू आर्थिक वर्षको दोस्रो त्रयमासको नाफा नोक्सान हिसाबमा राख्न सकिने, प्रतितपत्रको आधारमा प्रवाह गरिने ट्रष्ट रिसिट कर्जाको अवधि विद्यमान १२० दिनबाट बढाई बढीमा १८० दिन कायम गर्ने लगायतका निर्देशनहरु समेत जारी गरिएका छन् ।

५९. बैकिङ्ग कारोबारको जोखिम कम गरी बैकिङ्ग प्रणालीमा सर्वसाधारणको विश्वासलाई सुदृढ गर्न यस बैंकले बासेल-३ मा आधारित New Capital Adequacy Framework-2015 जारी गरेको छ । यसलाई वाणिज्य बैंकहरुले २०७२ पुसदेखि समानान्तर रुपमा (Parallel Run) र २०७३ साउनदेखि पूर्णरुपमा कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

## समष्टिगत विवेकशील नियमन

६०. घरजग्गा (Real Estate) क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जाको २५ प्रतिशतको सीमाभित्र रहनुपर्ने व्यवस्था रहेकोमा २०७२ पुससम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस क्षेत्रमा कुल रु. २१८ अर्ब ९० करोड कर्जा (प्रति ग्राहक रु. १ करोड भन्दा कमको रु. १२५ अर्ब २८ करोडको आवासीय घरकर्जा सहित) प्रवाह गरेका छन् । उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १५.२ प्रतिशत हुन आउँछ । २०७२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले शेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको १.९ प्रतिशत (रु. २७ अर्ब ६१ करोड) रहेको छ ।


६१. बैंक तथा वित्तीय संस्थाहरुको कर्जा-निक्षेप (स्वदेशी निक्षेप र प्राथमिक पूँजी सहित) अनुपात ८० प्रतिशत नाघ्न नहुने व्यवस्था रहेकोमा २०७२ मंसिरमा यस्तो अनुपात वाणिज्य बैंकहरुको ७१.८६ प्रतिशत, विकास बैंकहरुको ७०.१६ प्रतिशत तथा वित्त कम्पनीहरुको ६८.६५ प्रतिशत रहेको छ । यसबाट बैंक तथा वित्तीय संस्थाहरुले थप कर्जा प्रवाह गर्नसक्ने स्थिति रहेको देखिन्छ ।

६२. वाणिज्य बैंकहरुले जोखिम भारित सम्पत्तिको १० प्रतिशत र विकास बैंक एवम् वित्त कम्पनीहरुले ११ प्रतिशत पूँजीकोष अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०७२ मंसिर मसान्तमा यस्तो अनुपात वाणिज्य बैंकहरुको ११.८९ प्रतिशत, विकास बैंकहरुको १६.४७ प्रतिशत र वित्त कम्पनीहरुको २१.४९ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुले कायम गर्नुपर्ने न्यूनतम पूँजीकोषमा थप १ प्रतिशत वा सो भन्दा बढी Buffer कायम गरेको अवस्थामा मात्रै नगद लाभांश वितरण गर्न पाउने व्यवस्था रहेको छ ।

६३. वित्तीय स्रोत परिचालनतर्फ वाणिज्य बैंकहरुलाई निक्षेप संकलनको सीमा तोकिएको छैन भने विकास बैंक तथा वित्त कम्पनीहरुको हकमा भने आफ्नो प्राथमिक पुँजीको क्रमशः २० गुणासम्म र १५ गुणासम्म वित्तीय स्रोत संकलन गर्नसक्ने व्यवस्था रहेको छ । यस अनुसार २०७२ पुसमा विकास बैंकहरुले प्राथमिक पूँजीको ६.७ गुणा र वित्त कम्पनीहरुले ५.१ गुणा निक्षेप संकलन गरेका छन् ।

## पूँजी बजार

६४. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा २६.७ प्रतिशतले वृद्धि भई २०७२ पुस मसान्तमा १,१९०.२ विन्दुमा पुगेको छ । २०७१ पुस मसान्तमा उक्त सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिको तुलनामा १९.४ प्रतिशतले वृद्धि भई ९३९.५ विन्दु कायम भएको थियो । तराई क्षेत्रमा जारी आन्दोलन तथा आपूर्ति व्यवधानका कारण २०७२ भदौ अन्त्यतिरबाट मध्य मंसिरसम्म लगातार गिरावट आएको नेप्से सूचकाङ्कमा पछिल्लो समय सुधार आइरहेको छ ।




६५. नेप्से सूचकाङ्कको १२ महिने स्तरीय विचलन (Rolling Standard Deviation) २०७२ पुस मसान्तमा ३१.५ प्रतिशतले वृद्धि भएको छ । मासिक क्षेत्रगत उतार चढावलाई हेर्दा २०७२ पुस महिनाको कारोबार अवधिभरमा जलविद्युत् समूहमा सबैभन्दा बढी विचलन देखिएको छ भने दोस्रो बढी विचलन विकास बैंक समूहमा रहेको छ ।

६६. धितोपत्र बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ३३.२ प्रतिशतले वृद्धि भई २०७२ पुस मसान्तमा रु. १,२८२ अर्ब ८७ करोड पुगेको छ । बजार पूँजीकरण अघिल्लो वर्ष २०.४ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०७१/७२ को कुल गार्हस्थ्य उत्पादनसँग समीक्षा अवधिको बजार पुँजीकरणको अनुपात ६०.४ प्रतिशत रहेको छ । २०७१ पुस मसान्तमा यस्तो अनुपात ४९.६ प्रतिशत रहेको थियो । बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरू (बीमा कम्पनीहरु सहित) को अंश ८२.२ प्रतिशत रहेको छ भने जलविद्युत् क्षेत्रको ५.५ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.५ प्रतिशत, होटलहरूको १.८ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत र अन्यको ७.८ प्रतिशत रहेको छ ।

६७. २०७१ पुस महिनाको तुलनामा २०७२ पुस महिनामा कुल शेयर कारोबार रकममा ११४.७ प्रतिशतले वृद्धि भई रु. ९ अर्ब ९३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कारोबार रकममा ४२.५ प्रतिशतले ह्रास आई रु. ४ अर्ब ६३ करोड पुगेको थियो । कुल कारोबार रकममा वाणिज्य बैंक समुहको ३७.९ प्रतिशत, बीमा कम्पनीको २८.६ प्रतिशत, विकास बैंक समुहको १७.७ प्रतिशत, प्रोमोटर शेयरको ६.९ प्रतिशत, जलविद्युत् क्षेत्रको ५.३ प्रतिशत, वित्त कम्पनीको २.३ प्रतिशत, होटलको ०.५ प्रतिशत, सामूहिक लगानी कोषको ०.२ प्रतिशत र अन्य समूहको ०.३ प्रतिशत अंश रहेको छ ।

६८. २०७२ पुस मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २३० रहेको छ । २०७१ पुस मसान्तसम्ममा यस्तो संख्या २३२ रहेको थियो । केही बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा मर्ज भएका कारण सूचीकृत कम्पनीहरुको संख्या घट्न गएको हो ।

६९. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक विन्दुगत आधारमा ३५.९ प्रतिशतले वृद्धि भई २०७२ पुस मसान्तमा रु. २५२ अर्ब १२ करोड पुगेको छ । आर्थिक वर्ष २०७२/७३ को छैटौं महिनासम्ममा रु. १ अर्ब ७४ करोड बराबरको साधारण शेयर, रु. १ अर्ब ४६ करोड बराबरको हकप्रद शेयर, रु. २ अर्ब ७९ करोड बराबरको बोनस शेयर र रु. १ अर्ब ७० करोड बराबरको डिबेन्चर गरी कुल रु. ७ अर्ब ६९ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।